# सुन्दरबजार नगरपालिकाको स्वास्थ्य विमा संयोजन समिति गठन/संचालन

# कार्यविधि - २०७९

**सुन्दरबजार नगरपालिका**

**सुन्दरबजार, लमजुङ**

सुन्दरबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय सुन्दरबजार, लमजुङ गण्डकी प्रदेश, नेपाल

## सुन्दरबजार नगरपालिकाको स्वास्थ्य विमा संयोजन समिति गठन/संचालन कार्यविधि -२०७९

प्रमाणिकरण मिति : २०७९/०९/२४
प्रमाणित गर्नेको :
नामः कृष्ण प्रसाद कोइराला
पद : नगर प्रमुख

प्रस्तावनाः

स्वास्थ्य बीमा नियमावली, २०७५ को दफा २६ मा प्रत्येक स्थानीय तहमा स्वास्थ्य बीमा सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न सहजीकरण गर्ने लगायतका कार्य गर्नको लागि स्थानीय सरकारले तोके बमोजिमको एक स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति रहनेछ भन्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याउन वाञ्छनीय भएकोले स्वास्थ्य बीमा ऐन, २०७४ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी सुन्दरबजार नगरपालिका नगरकार्यपालिकाको कार्यालयले सुन्दरबजार नगरपालिकाको स्वास्थ्य बीमा संयोजन समिति गठन/ संचालन कार्यविधि, २०७९ स्वीकृत गरी लागु गरेको छ।

### परिच्छेद- १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "सुन्दरबजार नगरपालिकाको स्वास्थ्य बीमा संयोजन समिति गठन/ संचालन कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "ऐन" भन्नाले स्वास्थ्य बीमा बोर्ड ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले नियम २ को खण्ड (ख) बमोजिमको कार्यक्रम सम्झनुपर्छ।

(ग) "नियमावली" भन्नाले स्वास्थ्य बीमा बोर्ड नियमावली, २०७५ सम्झनु पर्छ।

(घ) पालिका भन्नाले सुन्दरबजार नगरपालिकालाई जनाउनेछ।

(ङ) "बोर्ड" भन्नाले स्वास्थ्य बीमा बोर्ड सम्झनु पर्छ।

(च) संयोजन समिति भन्नाले नियम २६ बमोजिम सुन्दरबजार नगरपालिकाले गठन गरेको स्वास्थ्य बीमा संयोजन समिति सम्झनु पर्छ।

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ
गण्डकी प्रदेश, नेपाल

परिच्छेद २

समितिको गठन

३.संयोजन समिति गठन: (१) नियम २६ बमोजिम सुन्दरबजार नगरपालिकामा स्वास्थ्य बीमा कार्यक्रमलाई संयोजन गर्न देहाय बमिजिमको पालिका स्तरिय स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति रहने छ।

क) नगर प्रमुख - संयोजक

ख) बढी जनसंख्या भएको वडाको वडा अध्यक्ष - सदस्य

ग) प्रमुख द्वारा तोकिएको सेवा प्रदायक संस्थाको प्रमुख - सदस्य

घ) महिला सामुदायीक स्वास्थ्य स्वयं सेविका - सदस्य

ङ) स्वास्थ्य शाखा प्रमुख - सदस्य

च) दर्ता अधिकारी स्वास्थ्य विमा बोर्ड - सदस्य

छ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी - सदस्य सचिव

(२) संयोजन समितिको बैठक वर्षमा कम्तिमा चार पटक बस्नेछ।

(३) सदस्य सचिवले बैठकको कार्यसुचि संयोजकको स्वीकृतिमा तय गर्नु पर्नेछ।

(४) संयोजकले तोकेको समय र स्थानमा बैठक बस्नेछ।

(५) बैठकमा कुनै खास बिषय विज्ञ वा पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ।

(६) सदस्यहरुलाई बैठक बस्ने जानकारी र बैठकमा पेश हुने कार्यसुचि सामान्यतया तिन दिन अघि दिनु पर्नेछ तर कुनै खास बिषयमा चौविस घण्टा अघि जानकारी दिई बैठक बस्न वाधा पर्ने छैन।

(७) बैठकको निर्णय बहुमतबाट हुनेछ र सदस्य सचिवले बैठकको निर्णय प्रमाणित गर्नेछन्।

(८) बैठक बसेको दिनमा पदाधिकारीले प्रचलित नियम बमोजिमको बैठक भत्ता पाउनेछन्।

(९) सचिवालयको काम सुन्दरबजार नगरकार्यपालिकाको कार्यालयले गर्नेछ।

४.काम, कर्तव्य र अधिकार: संयोजन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) सुन्दरबजार नगरपालिकाको क्षेत्र भित्र कार्यक्रम विस्तार गर्न प्रवर्धनात्मक कार्यमा सहयोग गर्ने।

(ख) सुन्दरबजार नगरपालिका अन्तर्गतका सरकारी, सार्वजनिक संस्थाहरुको कर्मचारी र परिवारलाई स्वास्थ्य बीमाको दायरामा ल्याउन नियमावलीले तोके बमोजिम प्रिमियमको व्यवस्था गरी कार्यक्रममा आव्द्ध गर्ने।

(ग) अति गरिव परिवारलाई कार्यक्रममा आवद्ध गर्न सुन्दरबजार नगरपालिका र बोर्ड बीच समझदारी गर्ने।

(घ) नसर्ने रोगको लागि कार्यक्रमले दिई आएको सुबिधा उपल्ब्ध गराउन वा बृद्धी गर्न बोर्ड सँग साझेदारी गर्ने।

(ङ) कार्यक्रमगत रुपमा बोर्डलाई ससर्त अनुदान उपलब्ध गराउन सक्ने ।

(च) सुन्दरवजार नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको सेवाको गुणस्तर बृद्धी गर्ने गराउने ।

(छ) बीमाबाट प्रदान गरिने औषधिहरु सुन्दरवजार नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरू द्वारा संचालित फार्मेसीमा उपलब्ध हुने व्यवस्थामा सहयोग गर्ने गराउने ।

(ज) सुन्दरवजार नगरपालिका अन्तरगतका स्वास्थ्य संस्थाहरुमा चिकित्सकको उपलव्धता हुने व्यवस्था गर्ने गराउने ।

(झ) सुन्दरवजार नगरपालिका अन्तरगतका स्वास्थ्य संस्थाहरुमा उपकरण, प्रयोगशालाको सेवामा निरन्तता, स्तरोउन्नति र पुर्वाधार अभिवृद्दीमा सहयोग गर्ने ।

(ञ) कार्यक्रम प्रवर्धनका सन्दर्भमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश र बोर्डसँग समन्वय गर्ने ।

(ट) संयोजन समितिले आवश्यक देखेका बीमा कार्यक्रमसँग सम्बन्धित अन्य बिषयहरू ।

५ .बजेटः स्वास्थ्य बीमा संयोजन समितिको सचिवालय संचालनको लागि आवश्यक खर्चको व्यवस्था सुन्दरवजार नगरपालिकाले गर्न सक्नेछ ।

## परिच्छेद ३

## विविध

६.कार्यविधिमा संशोधनः सुन्दरवजार नगरकार्यपालिकाले यस कार्यविधिमा आवश्यक संशोधन गर्न सक्नेछ ।

७ .बाधा अड्काउ फुकाउने अधिकारः यो कार्यविधि कार्यान्वयन गर्न कुनै बाधा अडचन पर्न आएमा सुन्दरवजार नगरकार्यपालिकाले निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

८. प्रचलित कानुन बमोजिम हुनेः यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम हुनेछ । यस कार्यविधिमा लेखिएको कुनै विषय प्रचलित कानुनसँग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख